नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मितिः २०७८/०१ / ०८**

विएस्सी (**B.SC. Agriculture**) विषयमा छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक व्यक्तिहरूका लागि दरखास्त माग सम्वन्धी अत्यन्त जरुरी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८ बैशाख ८ गतेको निर्णयअनुसार शैक्षिक बर्ष २०७७।०७८ मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गोकुलेश्वर कृषि तथा पशुविज्ञान कलेज गोकुलेश्वर, बैतडी, क्याम्पस अफ लाइभ साइन्स फूलबारी, दाङ र पृथु टैक्निकल कलेज लमही, दाङमा स्नातक तह BSc Agriculture विषयको निशुल्क छात्रवृत्तिमा अध्ययनका लागि १० जना विद्यार्थी मनोनयन गरी पठाउने प्रयोजनका लागि छात्रवृत्ति सम्बन्धी नियमावली २०६० बमोजिम योग्यताक्रम कायम गर्नुपर्ने भएकोले देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट निर्धारित सिटका लागि इमेल (Email) मार्फत दरखास्त आव्हान गरिएको छ ।

१) दरखास्तका लागि अवश्यक न्यूनतम योग्यता

क) त्रिभुवन विश्वविद्यालयले २०७७ सालमा सञ्चालन गरको स्नातक तहको (BSc Ag ) प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख)१. दरखास्तका लागि तोकिएको समूह तथा सिट : (कलेजगत)

| क्र.स. | कलेज | छात्रवृत्ति सिट |
|---|---|---|
| 1 | गोकुलेश्वर कृषि तथा पशुविज्ञान कलेज गोकुलेश्वर बैतडी | ४ |
| 2 | क्याम्पस अफ लाइभ साइन्स फूलबारी दाङ | ३ |
| 3 | पृथु टैक्निकल कलेज लमही दाङ | ३ |
| | | १० |

ख २ आरक्षित सिट संख्या निर्धारण

| आरक्षण प्रकार | सिट संख्या | आरक्षण प्रकार | सिट संख्या |
|---|---|---|---|
| मधेशी | १ | जनजाति | १ |
| महिला | १ | दलित | १ |
| आरक्षण कुल | ४ | | |
| साधारण कुल | ६ | | |
| जम्मा | १० | | |

२) दरखास्त दिने म्यादः मिति २०७८ साल बैशाख ०९ गतेदेखि २०७८ साल बैशाख १५ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा, केशरमहलको इमेल applyscholarship@moest.gov.np मा मूल निवेदनका साथ आवश्यक कागजातहरू स्क्यान गरी पठाउन सकिने छ ।दरखास्त नमूना यसै सूचनाको अन्तिम पृष्ठमा दिइएको छ ।

३) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरूले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैङ्क काउन्टरमा कार्यालय कोड नं ३५०००३५०१ तथा राजश्व शीर्षक नं १४२२९ मा दाखिला गरी सोको भौचरको स्क्यानसमेत संलग्न राखी छात्रवृत्ति शाखामा निवेदनसाथ पठाउनु पर्नेछ ।भौचरको नमूना यसै सूचनाको पृष्ठ भागमा दिइएको छ ।

४) दरखास्त साथ Scan गरी संलग्न गर्नुपर्ने कागजातहरू

- ❖ पूर्ण रूपमा भरिएको आवेदन फाराम
- ❖ राजस्व बुझाएको भौचर
- ❖ नागरिकताको प्रमाण पत्र
- ❖ त्रिभुवन विश्वविद्यालयले २०७७ सालमा सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय,
- ❖ SEE, १० + २ वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript,
- ❖ शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ pass verification certificate/degree provisional certificate/migration certificate का साथ पाठ्यक्रम विकास केन्द्रबाट प्रदान गरिएको समकक्षता प्रमाणपत्रको Scan प्रति संलग्न गर्नुपर्ने छ ।
- ❖ नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको स्क्यान प्रतिसमेत

**ख Community School Group सामुदायिक विद्यालय तर्फको आरक्षण समूह**

विपन्नताको सिफारिस, सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाण समेत ३ वटै प्रमाण पेश गर्नसक्ने उम्मेदवारहरू मात्र सामुदायिक विद्यालय समूहमा पर्ने हुनाले यस्ता समूहमा दरखास्त दिन इच्छुक उम्मेदवारले यी तीनै कागजात दरखास्त साथ संलग्न गर्नुपर्ने छ । साधारण समूह का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको स्क्यानप्रति संलग्न गर्नुपर्नेछ ।

१) SLC /SEE उत्तीर्ण गरेको विद्यालय सामुदायिक सरकारी हो भनी सम्बन्धित स्थानीय निकायले वा शिक्षा समन्वय इकाइले प्रदान गरेको सिफारिस पत्र

२) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० को अनुसूची १ अनुरुपको ढाँचामा मिति २०७८ साल बैशाख ०९ गते देखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७८ बैशाख १५ गतेसम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र (नमुना यसैसाथ संलग्न छ)।

३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

- जनजातिको सिफारिस : आदिवासी जनजाति उत्थान राष्टिय प्रतिष्ठानबाट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय निकायबाट
- मधेशीको सिफारिसः जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय निकायबाट
- दलितको सिफारिसः जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय निकायबाट वा सम्बन्धित आधिकारिक निकायबाट जारी भएको परिचय पत्र
- सामुदायिक विद्यालयको महिला समूहका लागि माथि उल्लेखित नं १ र २ को कागजात आवश्यक पर्ने छ ।
  दरखास्तमा समूहमा चिह्न नदिएमा स्वतः साधारण समूहको लागि दिइएको बुझिने छ ।

ग ) Other School Group अन्यविद्यालय तर्फको आरक्षण समूह

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले माथि general Group साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बूँदा नं ३ मा तोकिएको निकायको सिफारिस पत्रको स्क्यान प्रति दरखास्तसाथ संलग्न हुनुपर्ने छ ।

५. योग्यताक्रमः


रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरूले सम्बन्धित अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाण समेतको आधारमा नियमानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गर्ने छ ।

६. अन्य विद्यालय समूहले पाउने अवसरः आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी माथि उल्लेख गरिएका कागजात पेश गरेका उम्मेदवारहरूलाई पहिलो प्राथमिकता दिइने छ । सामुदायिक समूहमा कुनै पनि उम्मेदवार नभएको अवस्थामा मात्र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ । सो पनि नभएको अवस्थामा छात्रवृत्ति सम्बन्धी नियमावलीबमोजिम सो आरक्षित सिट साधारण समूहमा रुपान्तरण गरी वितरण गरिने छ ।

*पुनश्चः फारम भर्ने क्रममा कुनै समस्या भएमा मात्र शाखाको फोन नं ४४१८१६९ मा फोन गरी जानकारी लिन सकिने छ । कोभिड को प्रकोपका कारण इमेलबाट दरखास्त माग भएकोले इमेलबाट दरखास्त पठाउने उम्मेदवार स्वयम्ले दरखास्त पठाएको एक*

*घण्टाभित्र शाखामा फोन गरी दरखास्त पुगेनपुगेको सुनिश्चित हुनुपर्ने छ र यसका लागि दरखास्त कार्यालय समयमै पठाउनु पर्ने छ । अन्यथा पछि गरिने दाविलाई स्वीकृत गरिने छैन ।टेलेफोन सम्पर्क स्थापना हुन नसकेको अवस्थामा इमेल मार्फत जानकारी लिनु पर्ने छ । दरखास्त जुन इमेल आइडिबाट पठाएको हो सोही आइडिमा सम्पर्कमा रहनु पर्ने छ । आरक्षणका लागि माग भएका कागजात र बैङ्क भौचरको सक्कल प्रति मनोनयन हुनुअघि छात्रवृत्ति शाखामा बुझाउनु पर्ने छ ।*

बैङ्कभौचरको नमूना



बैंकको छाप

राष्ट्रिय वाणिज्य बैंक लि.

अनुसूची २४

शाखा कार्यालय ..................

राजश्व दाखिला फाराम (Deposit Slip) नमूना

दाखिला फाराम (Deposit Slip) नं. 11047355 मिति ..........................

राजश्व खाता रहेको बैंक शाखा: राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय

बैंक खाता नं. १ ० ० ० १ ० ० २ ० ० ० १ ० ० ० ०

राजश्व संकलन भएको प्रदेश : जिल्ला

स्थानीय तह

(रोयल्टीको हकमा कुन प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोत उपयोग बापतको हो अनिवार्य खुलाउनु पर्नेछ)

प्रयोजन : ..........................

कार्यालयको कोड: ३ ५ ० ० ० ३ ५ ० १

कार्यालयको नाम: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

राजश्व शिर्षक नं.: १ ४ २ २ ५

दाखिला भएको रकम रु. अंकमा: १ ० ० ० /-

अक्षरमा: एक हजार रुपैयाँ मात्र

आय वर्ष: २०७७/२०७८ .............. श्रोत कर कट्टी: हो होइन

बापत: छात्रवृत्ति आवेदन शुल्क

भुक्तानीको प्रकार: नगद/साधारण चेक/गुडफर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतिय ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं.

जारी गर्ने बैंक र शाखा: रकम जम्मा गरेको बैंक शाखा

दाखिला गर्ने फर्म/व्यक्तिको नाम: विद्यार्थीको नाम

ठेगाना/फोन नं. समेत विद्यार्थीको ठेगाना मोबाइल नं

भ्याट/पान नं.

बैंकले भर्ने:

कारोबार संकेत नं.

दाखिला रकम

मिति : ..........................

रकम दाखिला गर्नेको सही

प्रमाणित गर्नेको हस्ताक्षर

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ । RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजश्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ । यस राजश्व दाखिला फारमको सट्टा www.rajaswa.fcgo.gov.np मा log in गरी भौचर भर्न सकिने छ ।

*(सम्बन्धित स्थानीय निकायको लेटरप्याडमा हुनुपर्ने)*

विपन्नताको ढाँचा

अनुसूची-१ख.
(नियम १३क. को )उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल, काठमाडौं

विषय - विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री ........................ .. को छोरा/छोरी ............ जिल्ला ................. गाउँपालिका/न.पा./उ.म.न.पा/म.न.पा. .............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................... मिति .......... देखि ........ सम्म .............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ....................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,-
सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः

| Photo |
|---|

| रु १० को टिकट |
|---|

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा, केशरमहल ।

विषय: मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०७८ ।०१/०७ मा प्रकाशित सूचना अनुसार BSc Agriculture विषयको स्नातक तहमा अध्ययन गर्न योग्य भएको त्रिभुवन विश्वविद्यालयले २०७७ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारवाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित रु. १०।- को हुलाक टिकट समेत टाँस गरी दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको प्रवेश परीक्षाको नम्बर

| योग्यताक्रम (Rank) | अङ्क प्राप्ताङ्क | अक्षर | रोल नं. | योग्यताक्रम (Rank) | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपालीमा | | | | नेपालीमा | | |
| अंग्रेजीमा | | | | अंग्रेजीमा | | |

२. कलेज प्राथमिकता (१, २, ३, गरी अंकमा केरमेट नगरी अनिवार्य रुपमा लेख्नुहोस्)

| क्र.स. | कलेज | प्राथमिकता | क्र.स | कलेज | प्राथमिकता |
|---|---|---|---|---|---|
| १ | गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेज, गोकुलेश्वर बैतडी | | ३ | क्याम्पस अफ लाइभ साइन्सेज, फूलबारी,दाङ | |
| २ | पृथु टेक्निकल कलेज, लमही, दाङ | | | | |

३. आवेदन गरेको समूह (टिक लगाउनुहोस्)

| क.स. | समूह | सामुदायिक | अन्य विद्यालय | क सं | समूह | सामुदायिक | अन्य विद्यालय |
|---|---|---|---|---|---|---|---|
| १ | साधारण | | | ४ | जनजाति | | |
| २ | महिला | | | ५ | दलित | | |
| ३ | मधेशी | | | | | | |

निवेदकको नामथर : ............................................. Name In English :...............................................

जन्म मिति विक्रम संवत: ............................................................ ईश्वी संवत् .............................................

दरखास्त दिँदाको बखतको उमेर: ..................वर्ष सम्पर्क फोन.नं./मोवाईल नं.:.............................................

इमेल:.............................................

अभिभावकको नाम थर ............................................. सम्पर्क फोन.नं./मोवाईल नं: ................................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ झुट्टा ठहरे कानून वमोजिम सहुँला बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएवमोजिम मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

| दायाँ | बायाँ |
|---|---|

दस्तखत: .................

मिति: .................